# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, असार ३१ गते २०६२ साल (अतिरिक्ताङ्क २४

## भाग ४

### सर्वोच्च अदालतको सूचना

सर्वोच्च अदालतको मिति २०६२।३।१७ मा बसेको पूर्ण बैठकले सर्वोच्च अदालत लगायतका नेपाल अधिराज्यका सबै अदालतहरूको कार्यालय समयमा एकरूपता कायम गर्ने निर्णय भए अनुरुप हाल सर्वोच्च अदालत लगायत उपत्यकास्थित अन्य अदालतहरू तथा न्यायाधिकरणहरूमा यसअघि दिँदै आएको आइतबारको बिदा कटौती गरी आगामी २०६२ साल श्रावण १ गतेदेखि आइतबारदेखि बिहिबारसम्म (मार्ग, पौष र माघ महिना वाहेक) बिहान १०.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म र शुक्रबार बिहान १०.०० बजेदेखि अपरान्ह ३.०० बजेसम्म तथा मार्ग, पौष र माघ महिनाको हकमा बिहान १०.०० बजेदेखि अपरान्ह ४.०० बजेसम्म (शुक्रबारको हकमा माथि उल्लेख भए अनुसार नै हुने गरी) कार्यालय समय कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,<br>
दुर्गाप्रसाद दवाडी<br>
निमित्त रजिष्ट्रार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।